# ऐरावती गाउँपालिका
# स्थानीय राजपत्र

ऐरावती गाउँपालिका, प्यूठानद्धारा प्रकाशित

खण्ड-८, ऐरावती गाउँपालिका, मितिः २०८२/०१/२८ संख्या : १


भाग २

## ऐरावती गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

बरौँला, प्यूठान

# कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८२/०१/२८

**प्रस्तावनाः**

कृषि पेशालाई मर्यादित, प्रतिस्पर्धात्मक एवम् व्यावसायिक बनाउन यान्त्रीकरणका माध्यमबाट कृषि आधुनिकीकरण गरी बाली अनुसारको उत्पादन देखि बाली भित्राउनेसम्म र भण्डारण देखि बजारीकरणसम्म कृषकहरुको कृषि यन्त्र तथा उपकरणहरुमा पहुँच बढाई कम उत्पादन लागतबाट उत्पादन र आयमा बृद्धि गराउनको लागि अनुदान दिई प्रोत्साहन गर्न आवश्यक भएकोले ऐरावती गाउँपालिकाले **"कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** बनाई लागू गरेको छ । यो कार्यविधि स्वीकृत भएको मिति देखि कार्यान्वयन हुनेछ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधि को नाम "कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**(२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आपूर्तिकर्ता" भन्नाले ऐरावती गाउँ कार्यपालिकाको कार्यालय बरौला, प्युठानमा सुचिकृत भई कृषि, पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी यन्त्र उपकरण उपलब्ध गराउने विक्रेता सम्झनु पर्छ ।

(ख) "उपभोक्ता" भन्नाले कृषि पेशामा संलग्न कृषक वा कृषि व्यवसाय गर्ने उद्देश्य लिई अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक प्रचलित कानून बमोजिम स्थापना भएको कृषि समूह/सहकारी/निजी फर्म वा संस्थामा संलग्न व्यक्ति वा समूह सम्झनु पर्छ ।

(ग) "कष्टम हायरिङ सेन्टर" भन्नाले यान्त्रीकरण प्रवर्द्धनका निम्ती सम्बन्धित कृषि समूह/सहकारीद्धारा सञ्चालित बाली बस्तुका लागि उत्पादन देखि पोष्टहार्भेष्टसम्म आवश्यक पर्ने सबै प्रकारका मेशिनरी यन्त्र उपकरणको सेट सहितको सुबिधायुक्त केन्द्र सम्झनु पर्छ ।

(घ) "कृषि यन्त्र उपकरण" भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य पालन

सम्बन्धी उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, भण्डारण र ढुवानीमा प्रयोग हुने सबै प्रकारका यन्त्र उपकरणहरुलाई सम्झनु पर्छ ।

(ङ) "गाउँपालिकाको कार्यालय" भन्नाले ऐरावती गाउँपालिकाको कार्यालय बरौंला, प्युठानलाई सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले यसै कार्यविधिको दफा १२ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

(छ) "सेट" भन्नाले इञ्जिन, मोटर वा यसमा जडान गरी सञ्चालन गरिने एक वा सो भन्दा बढी यन्त्र उपकरणहरुको संयुक्त रुपलाई सम्झनु पर्छ ।

**(३). कार्यविधिको उद्देश्यः** अनुदानमा कृषि यन्त्र उपकरणहरु वितरण गरिने कार्यक्रम सञ्चालन प्रकृयालाई पारदर्शी, सरल र सहज बनाउने ।

**(४). कार्यक्रम सञ्चालनको उद्देश्यः** यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) कृषि यान्त्रीकरण प्रवर्द्धन गर्ने ।

(ख) कृषिमा उत्पादन लागत घटाई कृषि व्यवसायलाई नाफामूखी बनाउने ।

(ग) युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्ने ।

(घ) कृषिलाई यान्त्रीकरण, आधुनिकीकरण, व्यवसायीकरण एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर सृजना गर्ने ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रक्रिया

**(५). कार्य क्षेत्र र बाली बस्तु छनौटः** कार्यक्रम सञ्चालन क्षेत्र तथा बाली बस्तु छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

**(क) कार्यक्रम सञ्चालन हुने क्षेत्रः** ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको सम्पूर्ण वडाहरु ।

**(ख) बाली तथा बस्तु छनौटका प्राथमिकताहरुः** खाद्यान्न, तरकारी, दलहन, तेलहन, चिया, कफी, मसला, पुष्प, फलफुल, च्याउ, पशुपन्छी, मत्स्य आदि ।

(६) प्रस्ताव माग गर्ने विधिः (१) आपूर्तिकर्तासँग प्रस्ताव माग गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) ऐरावती गाउँ कार्यपालिकाको कार्यालयले कृषि यन्त्र उपकरणहरुको आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ताहरुबाट यन्त्र उपकरणहरुको किसिम, क्षमता, मोडेल, ब्राण्ड र अन्य स्पेशिफिकेसनको आधारमा एकै खालका यन्त्र उपकरणहरुको समूहिकृत गरी दररेट प्रस्ताव आव्हानको लागि कम्तिमा १५ (पन्ध्र) दिने म्याद दिई कार्यालयको वेवसाईट, फेसबुक पेज र सूचना पाटीमा अनुसूची १ (क) बमोजिमको सूचना प्रकाशन गर्नेछ ।

(ख) उपदफा (१) खण्ड (क) बमोजिम प्रस्ताव पेस गर्दा प्रस्तावकले अनुसूची २(क) बमोजिमका कागजातहरु, अनुसूची ३ बमोजिमका आपूर्ति गर्न सक्ने यन्त्र उपकरणहरुको विवरण र दररेट सहित निवेदन पेस गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम प्राप्त प्रस्तावहरु दफा १४ उपदफा (१) बमोजिम गठित मूल्याङ्कन समितिले तोकिएको आधार तथा सर्तहरु अनुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्तावदाता छनौट गरी आपूर्तिकर्ताको नाम र मूल्यसूची ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको वेबसाइटमा प्रकाशन गरिनेछ ।

(घ) अन्य व्यवस्था सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ ।

(२) कृषि पेशामा संलग्न कषक/कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म उपभोक्ताहरुसँग प्रस्ताव माग गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले कृषि यन्त्र उपकरणहरु अनुदानमा प्राप्त गर्नको लागि ईच्छुक कृषक/समूह/सहकारी/निजी उद्यमी/फर्म तथा कृषि उद्यमीहरुलाई निवेदन पेस गर्न १५ दिने म्याद दिई कार्यालयको वेवसाईट, फेसबुक पेज र सूचना पाटीमा अनुसूची (१) (ख) बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ख) उपदफा (२) खण्ड (क) बमोजिम अनुदान लिन चाहने उपभोक्ताले सूचनामा उल्लेख भए बमोजिमको अुनसूची २ को खण्ड (ख) र (ग)

अनुसारको कागजात सहित अनुसूची ५ र ६ को ढाँचामा विवरण भरी दिईएको म्याद भित्र यस ऐरावती गाउँ कार्यपालिकाको कार्यालयमा प्रस्ताव पेस गर्नु पर्नेछ ।

**(७). प्रस्ताव मूल्याङ्कन तथा सामग्री वितरणः** (१) कृषि यन्त्रको लागि पेस भएका प्रस्तावहरुको अनुसूची १० र ११ मा तोकिएका आधार बमोजिम मूल्याङ्कन समितिले मूल्याङ्कन गरी अनुदान व्यवस्थापन समितिमा सिफारिस गर्नेछ । यस कार्यका लागि मूल्याङ्कन समितिले आवश्यकता अनुसार कम्तिमा प्राबिधिक अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा एक मूल्याङ्कन उपसमिति गठन गरी कार्य गराउन सक्नेछ ।

(२) अनुदान व्यवस्थापन समितिले पेस भएको मूल्याङ्कन प्रतिवेदन अध्ययन गरी अनुदानमा कृषि यन्त्र उपकरण प्रदान गर्नको लागि स्वीकृत गर्नेछ ।

(३) स्वीकृत कृषि यन्त्र उपकरणको विवरण तथा सामाग्री आपूर्तिकर्ताको विवरण यस ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको वेबसाइटमा राखिनेछ ।

(४) उक्त विवरण अनुसार अनुदानग्राहीले आफूलाई आपूर्ति गर्ने आपूर्तिकताबाट आफ्नो तर्फबाट व्यहोर्ने रकम तिरी कृषि यन्त्र उपकरण अनुदानमा लैजान सक्नेछन् ।

(५) कार्यक्रम सञ्चालन गर्दा कष्टम हायरिङ सेन्टरलाई प्राथमिकतामा राखी सञ्चालन गरिनेछ । यसरी दिईने अनुदान रकम प्रति कष्टम हायरिङ सेन्टरहरुलाई २५ लाखमा नबढने गरी हुनेछ । यस्ता कष्टम हायरिङ सेन्टरमा उपलब्ध हुने कृषि मेशिनेरी औजार सम्बन्धित कृषक समूह वा सहकारीले आबद्ध कृषकहरुलाई सहुलियत दरमा उपलब्ध गराउनु पर्नेछ ।

**(८). अनुदान रकम भुक्तानी प्रक्रियाः** (१) अनुदानको रकम भुक्तानी गर्दा आपूर्तिकर्ताले देहाय बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(क) आपूर्तिकर्ताले उपभोक्ता वा ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई आपूर्ति गर्ने कृषि यन्त्र उपकरण सम्झौता बमोजिमको स्पेशिफिकेसन, मूल्य र तोकिएको समयमा आपूर्ति गर्नु पर्नेछ। सामाग्री

वितरणको फोटो तथा सम्बन्धित सरोकारवालाको सिफारिस र कार्य सम्पन्न प्रतिवेदन सहित अनुदान रकमको लागि ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा अनुसूची ८ बमोजिम निवेदन पेस गर्नु पर्नेछ ।

(ख) आपूर्तिकर्ताले पेस गरेको विवरणको आधारमा ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको कृषि विकास शाखाद्धारा अनुसूची ९ बमोजिम प्रतिवेदनको आधारमा मात्र अनुदान रकम भुक्तानी दिईनेछ ।

(ग) यसरी यान्त्रीकरणमा दिईने अनुदान रकमको भुक्तानी ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट आपूर्तिकताको बैंक खातामा सिधै जम्मा गर्ने व्यवस्था गरिनेछ, भने उपभोक्ताले व्यर्होने रकम सम्बन्धित उपभोक्ताले ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले तोकेको बैंक खातामा जम्मा गर्न सक्नेछ वा स्वयं आपूर्तिकर्ताको बैंक खातामा जम्मा गर्न सक्नेछ ।

(घ) यसरी दिईएको अनुदान प्राप्त यन्त्र उपकरणमा उपभोक्ताले अनुसूची १२ अनुसार ऐरावती गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालयबाट अनुदान प्राप्त भनि स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(ङ) ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले संलग्न कागजातहरु जाँच गरी मूल्याङ्कन समितिको सिफारिसको आधारमा अनुदान रकम भुक्तानी गर्नेछ । कार्यक्रमको रकम भूक्तानी गर्दा नेपाल सरकारको नियम अनुसार लाग्ने कर कट्टी गरी भूक्तानी गरिनेछ ।

(२) उपभोक्ताको हकमा देहाय बमोजिम प्रक्रिया हुनेछ ।

(क) दफा ७ उपदफा (३) बमोजिम ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको वेबसाइटमा प्रकाशन गरिएका अनुदानग्राहीले छनौट भएका आपूर्तिकर्ताबाट अनुदानमा सामाग्री लिन पर्नेछ ।

(ख) सामाग्री उपलब्ध गराउँदा आपूर्तिकर्ताहरुले अनुदानग्राही वा ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाएको सामग्रीहरुको विस्तृत विवरण सहितको लगत राख्नु पर्नेछ ।

(ग) आपूर्तिकर्ताले सरोकारवालाबाट अनुसूची ७ बमोजिमको सिफारिस पत्र प्राप्त गरी भुक्तानीका लागि ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको

कार्यालयमा समयमा नै पेस गर्नु पर्नेछ ।

(घ) कृषि तथा पशुपन्छीको बजारीकरणका लागि प्रदान गरिने पिक अप भ्यान सम्बन्धमा छनौट भएका आवेदनहरुलाई प्रचलित कानून बमोजिम ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले खरिद गरी उपलब्ध गराउन सक्नेछ ।

(ङ) भुक्तानी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(९). दोहोरो हुने गरी अनुदान प्रवाह नगरिनेः संघिय, प्रादेशिक निकाय, स्थानीय तह तथा अन्य संघ संस्थाहरुबाट कम्तिमा दुई आ.व. मा समान प्रकृतिको अनुदान नपाएको हुनु पर्नेछ । सम्बन्धित वडा कार्यालयले यसै आधारमा सिफारिस दिनु पर्नेछ ।

(१०). आपूर्तिकर्ताले पालना गर्नु पर्ने सर्तहरुः कार्यक्रम कार्यान्वयनका लागि आपूर्तिकर्ताले देहाय बमोजिमका सर्तहरु पालन गर्नु पर्नेछ ।

(क) आपूर्तिकताले कृषि यन्त्र उपकरण बिक्री वितरणका लागि ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले माग गरेको सूचना बमोजिमको अनुसूची ३ अनुसारको दररेट प्रस्ताव पेस गर्नु पर्नेछ ।

(ख) आपूर्तिकर्ताले यस गाउँपालिकासँग कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराउनको लागि सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

(ग) आपूर्तिकर्ताले उपभोक्तालाई गुणस्तरीय कृषि यन्त्र उपकरण माग गरिएको समयमा उपलब्ध गराउनु पर्नेछ ।

(घ) आपूर्तिकर्ताले सम्बन्धित उपभोक्ता वा ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई कृषि यन्त्र उपकरण उपलब्ध गराएको भरपाई र ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको कृषि विकास शाखाको सिफारिसको आधारमा भुक्तानी दिईनेछ ।

(११).उपभोक्ताले पालना गर्नु पर्ने सर्तहरुः कार्यक्रम कार्यान्वयनका लागि उपभोक्ताले देहाय बमोजिमका सर्तहरु पालना गर्नु पर्नेछ ।

(१) उपभोक्ता कृषि, पशुपन्छी तथा मत्स्य पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्नेछ ।

(२) कृषि यन्त्र उपकरणमा ५० प्रतिशतले हुन आउने रकम कृषकले स्वयमले व्यहोर्नु पर्नेछ ।

(३) सहायक यन्त्र औजार नलिने वा ट्रेक्टर मात्र लिने उपभोक्तालाई अनुदान

दिईने छैन ।

(४) तर उपदफा (३) मा जुनसुकै कुरा लेखिएता पनि ठुला ट्रयाक्टर, पावर टिलर, मिनिटिलर पहिले नै भएको अवस्थामा सहायक यन्त्रहरु अनुदानमा लिनको लागि कुनै बाधा पर्ने छैन ।

(५) अनुदान प्राप्त गर्ने समूहका सदस्यले आफ्नो जग्गाको लालपुर्जाको प्रतिलिपी पेस गर्नु पर्नेछ ।

(६) अनुदानमा उपलब्ध गराईएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समयमा कृषि कार्य मै प्रयोग गर्नु पर्नेछ ।

(७) अनुदानमा प्राप्त कृषि यन्त्र उपकरणहरुलाई कृषि कार्यमा प्रयोग गर्ने तथा आफ्नो समूह वा सहकारीका सदस्यहरुलाई सहुलियत दरमा उपलब्ध गराउनु पर्नेछ ।

(८) अनुदान प्राप्त कृषि यन्त्र उपकरणहरु कम्तीमा ५ बर्षसम्म अरुलाई बिक्री वितरण गर्न पाईने छैन ।

(९) कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणका लागि प्रयोगमा आउने पिक अप लगायतका ढुवानी साधनहरुको बढिमा ५० प्रतिशत अनुदान रकम दिने व्यवस्था यसै कार्यविधि बमोजिम हुनेछ ।

(१०) माथि उल्लेखित सर्तहरु पालना नगर्ने उपभोक्ताबाट यस कार्यालयबाट अनुदानमा प्राप्त कृषि यन्त्र उपकरण जुनसुकै समयमा पनि यस कार्यालयले जफत गर्न सक्नेछ ।

## परिच्छेद-३
## समिति सम्बन्धी व्यवस्था

**(१२). निर्देशक समितिः**

(१) यस कार्यविधी बमोजिमको कार्यक्रम सञ्चालनको लागि आवशयक नीति तथा निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ ।

(क) अध्यक्ष ऐरावती गाउँपालिकाको कार्यालय — अध्यक्ष

(ख) उपाध्याक्ष ऐरावती गाउँपालिकाको कार्यालय — सदस्य

(ग) संयोजक आर्थिक विकास समिति ऐरावती गाउँपालिकाको कार्यालय

सदस्य

(घ) संयोजक सामाजिक विकास समिति ऐरावती गाउँपालिकाको कार्यालय सदस्य

(ङ) संयोजक संस्थागत विकास र सुशासन समिति ऐरावती गाउँपालिकाको कार्यालय सदस्य

(च) संयोजक बिधायन समिति ऐरावती गाउँपालिकाको कार्यालय सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत ऐरावती गाउँपालिकाको कार्यालय सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिले कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**(१३). अनुदान व्यवस्थापन समितिः**

(१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई प्राप्त प्रस्तावहरुको स्वीकृत गर्न देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत ऐरावती गाउँ कार्यपालिकाको कार्यालय अध्यक्ष

(ख) प्रमुख पशु सेवा शाखा ऐरावती गाउँ कार्यपालिकाको कार्यालय सदस्य

(ग) प्रमुख आर्थिक प्रशासन शाखा ऐरावती गाउँ कार्यपालिकाको कार्यालय सदस्य

(घ) प्रमुख स्टोर तथा जिन्सी शाखा ऐरावती गाउँ कार्यपालिकाको कार्यालय सदस्य

(ङ) प्रमुख योजना तथा अनुगमन शाखा ऐरावती गाउँ कार्यपालिकाको कार्यालय सदस्य

(च) प्रमुख प्रशासन शाखा ऐरावती गाउँ कार्यपालिकाको कार्यालय सदस्य

(छ) प्रमुख कृषि विकास शाखा ऐरावती गाउँ कार्यपालिकाको कार्यालय सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्यता हेरी आवश्यकता अनुसार स्वीकृत गर्ने ।

(ख) अनुदानको सिमा तोक्न सक्नेछ ।

(ग) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ ।

**(१४). मूल्याङ्कन समितिः**

(१) यस कार्यविधि बमोजिम अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्नको लागि पेस भएका निवेदन तथा प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ ।

(क) शाखा प्रमुख योजना तथा अनुगमन शाखा अध्यक्ष

(ख) शाखा प्रमुख आर्थिक प्रशासन शाखा सदस्य

(ग) शाखा प्रमुख पूर्बाधार विकास शाखा सदस्य

(घ) शाखा प्रमुख पशु सेवा शाखा सदस्य

(ङ) शाखा प्रमुख कृषि विकास शाखा सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ, पदाधिकारी वा कार्यक्रमसँग जानकार कृषि विकाश शाखामा कार्यरत प्राबिधिकहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) म्याद भित्र दर्ता हुन आएका उपभोक्ताहरुको मूल्याङ्कन गरी अनुदानग्राही छनौट गर्ने ।

(ख) म्याद भित्र दर्ता हुन आएका दररेटहरुको मूल्याङ्कन गरी मेसिनरी औजारको दररेट कायम गरी सूचना प्रकाशन गर्ने ।

(ग) कृषि यन्त्र उपकरण आपूर्तिकर्ताको छनौट गर्ने ।

(घ) छनौट भएका आपूर्तिकर्ताले अनुसुची ३ अनुसार दररेट प्रस्ताव गरेका यन्त्र उपकरणहरुको किसिम, क्षमता, मोडेल, ब्राण्ड र अन्य स्पेशिफिकेसनको आधारमा एकै खालका यन्त्र उपकरणहरुको समूहकृत गरी उक्त समूहमा सबै भन्दा न्यूनतम मूल्यलाई आधार मानी अनुदानको रकम तोक्ने ।

(ङ) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणहरुको विवरण, म्याद भित्र दर्ता भई प्राप्त हुन आएक प्रस्तावहरु चेकलिष्ट जाँच गरी सूची तयार तथा सर्टलिष्ट गर्ने ।

## परिच्छेद-४
## विविध

**(१५). अनुगमनः** सञ्चालित कार्यक्रमहरुको ऐरावती गाउँपालिका स्तरिय अनुगमन समिति र यस कार्यविधि बमोजिम गठित अनुदान व्यवस्थापन समिति मार्फत संयुक्त अनुगमन गरिनेछ ।

**(१६). कार्यविधिको परिमार्जनः** यस कार्यविधिको संशोधन तथा परिमार्जन दफा (१२) बमोजिमको निर्देशक समितिको सिफारिसमा ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार गर्न सक्नेछ ।

**(१७). प्रचलित कानून लागू हुनेः** यस कार्यविधिमा भएका व्यवस्थाहरु यसै बमोजिम र यस कार्यविधिमा नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन ।

**(१८). अन्तिम व्याख्याः** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या भएमा ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गरेको व्याख्या नै अन्तिम हुनेछ ।

## अनुसूची-१

१. (क). कृषि यान्त्रीकरणमा अनुदान कार्यक्रमको लागि आपूर्तिकर्ताबाट दररेट प्रस्ताव आव्हान सम्बन्धी सूचनाको ढाँचा ।

प्रथम पटक प्रकाशित मितिः २० / /

यस ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार यस ऐरावती गाउँपालिकाका १ देखि ६ वटै वडाहरुमा कृषि सम्बन्धी कृषि यन्त्र उपकरणमा अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले आपूर्ति गर्न ईच्छुक कम्पनी/डिलर/फर्म तथा आपूर्तिकर्ताले आवश्यक विवरण सहितको दररेट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा आइ पुग्ने गरी पेस गर्नको लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ। यससँग सम्बन्धित आवेदनको ढाँचा, कृषि यन्त्रका किसिम लगायतका पेस गर्नु पर्ने आवश्यक कागजात सम्बन्धी विस्तृत जानकारीको लागि ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको वेबसाइट धधध।बष्चबधबतष्गल।नयख।लउ बाट प्राप्त गर्न सकिनेछ ।

(ख). कृषि यन्त्र उपकरण अनुदानमा लिनको लागि कृषक/कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म उपभोक्ताहरुको लागि आवेदन पेस गर्ने सम्बन्धी सूचनाको ढाँचा ।

प्रथम पटक प्रकाशित मितिः २० / /

यस ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ऐरावती गाउँपालिकाका १ देखि ६ वटै वडाहरुमा कृषि व्यवसायमा आबद्ध कृषकहरुलाई कृषि सम्बन्धी कृषि यन्य उपकरण अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले उक्त कृषि सम्बन्धी कृषि यन्त्र उपकरणहरु लिन चाहने ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/निजी उद्यमी/फर्म तथा उपभोक्ताहरुले अनुसूची-२ (ख) र (ग) बमोजिमको आवश्यक कागजात सहित अनुसूची-४ अनुसार

आवश्यक कागजातहरुको विवरण सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा आइ पुग्ने गरी पेस गर्नु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ । यससँग सम्बन्धित आवेदनको ढाँचा, कृषि यन्त्रका किसिम लगायतका पेस गर्नु पर्ने आवश्यक कागजात सम्बन्धी विस्तृत जानकारीको लागि ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको वेबसाइट www.airawatimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

## अनुसूची-२
## आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु

(क) कृषि सामाग्री आपूर्तिकर्ताहरुको लागि कृषि यान्त्रीकरणको दररेटको लागि आवश्यक कागजातहरु

१. व्यवसाय दर्ता प्रमाण प्रत्र, नविकरणको प्रतिलिपी ।

२. संस्थाको PAN/VAT प्रमाण पत्रको प्रतिलिपी ।

३. लेखा परीक्षण, गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

४. आधिकारिक एजेन्टको (Authorized Agent) प्रमाण पत्रको प्रतिलिपी ।

५. आधिकारिक डिलर, सर्भिस सेन्टरको संस्था दर्ता, PAN/VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रतिलिपी ।

६. कृषि औजार उपकरणको स्पेसिफिकेशन खुल्ने Catlogs / Leaflets पेस गर्नु पर्ने ।

७. कृषि यान्त्रीकरण सम्बन्धी दररेट अनुसारको अनुसूची-३ को विवरण तयार गरी प्रत्येक पाना प्रमाणित गरेको हुन पर्नेछ ।

८. सम्भव भएसम्म बुझिने भाषामा आधिकारीक टेस्ट सर्टिफिकेटको (Test Certificate) प्रमाणित प्रतिलिपी ।

(ख) कृषक समूह, समूह तथा उपभोक्ताको लागि ।

१. कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म तथा कृषि उद्यमी दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।

२. कृषक समूह/सहकारीको निर्णयको प्रतिलिपी ।

३. कृषक समूह/सहकारीले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र ।

४. आधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो एक प्रति (पासपोर्ट साईजको) ।

५. यदि समूहको कुनै सदस्यले एकल रुपमा सामाग्री लिन चाहेमा समूहको निर्णय सहितको सिफारिस पत्र पेस गर्नु पर्नेछ ।

६. मेसिनरी औजार सञ्चालन तथा मर्मत सम्बन्धी तालिम भए सो प्रमाण पत्रको प्रतिलिपी ।

७. जग्गाको लालपूर्जाको विवरण सहितको प्रतिलिपी ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र र उक्त पत्रमा विगत २ वर्षसम्म समान प्रकृतिको अनुदान नलिएको भनि खुलाउनु पर्ने ।

(ग) कृषि सहकारी संस्था/निजी फर्म/कृषि उद्यमी उपभोक्ताको लागि ।

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।

२. संस्था नविकरणको प्रमाणको प्रतिलिपी वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेस गर्नु पर्ने ।

३. संस्थाको PAN/VAT प्रमाण पत्रको प्रतिलिपी ।

४. लेखा परिक्षणको प्रतिलिपी ।

५. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

६. संस्थाको निर्णयको प्रतिलिपी ।

७. संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीको लागि अख्तियारी पत्र ।

८. अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो एक प्रति (पासपोर्ट साईजको) ।

९. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए सम्झौताको (कम्तीमा ५ बर्ष) प्रमाणहरु सहित पेस गर्नु पर्नेछ ।

१०. जग्गाको लालपुर्जाको विवरण सहितको प्रतिलिपी ।

# अनुसूची-३
# प्रस्ताव दररेट फाराम

१) फर्मको नामः ..........................................................
२) कार्यालयको ठेगानाः ..................................................
सम्पर्क नं.: ............................................................
ईमेलः ....................................................................
३) आधिकारिक व्यक्तिको नामः ..........................................
पदः .......................................................................
सम्पर्क नं.: ............................................................
ईमेलः ....................................................................
४) फर्म रजिष्ट्रेशन नं.: ..................................................
५) रजिष्ट्रेशन गर्ने कार्यालयः ..........................................
६) फर्म दर्ता मितिः .........................................................
७) PAN/VAT रजिष्ट्रेशन नं.: ............................................
८) व्यापारको किसिम/उद्देश्यः ...........................................
९) उपलब्ध गराउन सक्ने सामाग्री र कोटेशन मूल्यः

| क. कृषि तर्फ धान, गहुँ, मकै, आलु, तरकारी आदि बालीको लागि । | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | कृषि मेसिनरी औजार उपकरणहरुको नाम | ब्राण्ड | मोडेल | मूल्य अंकमा रु. | मूल्य अक्षरमा रु. | कैफियत |
| १ | कल्टीभेटर | | | | | |
| २ | लेज ल्याण्डर लेभलर | | | | | |
| ३ | हे कोलेक्टर/बेलर | | | | | |
| ४ | टयाक्ट्रर माउण्टेड कम्बाईन हार्भेष्टर | | | | | |
| ५ | चार पांग्रे टयाक्ट्ररका एटयाचमेन्टहरु | | | | | |
| ६ | डिस्क प्लाव | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | डिक्स हैरो | | | | | |
| ८ | एम.बि.प्लाव | | | | | |
| ९ | हिलो चक्का/एन्टी स्कीड व्हील | | | | | |
| १० | एस/सी टाईप रोटाभेटर | | | | | |
| ११ | लेभलर | | | | | |
| १२ | लेजर ल्याण्ड लेभलर | | | | | |
| १३ | सिडकम फर्टिलाईजर ड्रिल | | | | | |
| १४ | न्यूम्याटिक सिड कम फर्टिलाईजर ड्रिल | | | | | |
| १५ | सिड ड्रिल | | | | | |
| १६ | सिड प्लान्टर | | | | | |
| १७ | न्यूम्याटिक प्रिसिजन प्लाण्टर | | | | | |
| १८ | जिरो टिल सिड ड्रिल | | | | | |
| १९ | रिजर/वण्डर फर्मर | | | | | |
| २० | राईस ट्रान्सप्लाण्टर (सिडिलङ्ग र अन्य सामानहरु) | | | | | |
| २१ | मेज प्लाण्टर | | | | | |
| २२ | पोटाटो प्लाण्टर | | | | | |
| २३ | पोटाटो डिगर | | | | | |
| २४ | मेज हार्भेष्टर | | | | | |
| २५ | रिपर मेशिन | | | | | |
| २६ | मल्टी कप थ्रेसर | | | | | |
| २७ | धान थ्रेसर | | | | | |
| २८ | गहुँ थ्रेसर | | | | | |
| २९ | मेज सेलर | | | | | |
| ३० | मेज डिहस्कार | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | पावर र्स्प्रेयर/बुम र्स्पेयर | | | | | |
| ३२ | फर्टिलाईजर ब्रोडकास्टर/स्प्रेडर | | | | | |
| ३३ | एन्टी स्किड ह्विल कनेक्टर/हब किनेटर | | | | | |
| ३४ | डिक्स प्लाव | | | | | |
| ३५ | डिक्स हैरो | | | | | |
| ३६ | रिजर/बण्ड फर्मर | | | | | |
| ३७ | रिपर मेशिन | | | | | |
| ३८ | थ्रेसर | | | | | |
| ३९ | पावर थ्रेसर | | | | | |
| ४० | मिनिटिलर अधिकतम ९ एच.पी.सम्म | | | | | |
| ४१ | मिनिटिलर एट्याचमेन्टहरु | | | | | |
| ४२ | एन्टी ज्याप ब्लेड | | | | | |
| ४३ | डिप टिलिङ्ग ब्लेड | | | | | |
| ४४ | राई ट्रान्सप्लाण्टर म्यानूयल | | | | | |
| ४५ | राईस ट्रान्सप्लाण्टर वाक बिहान्ड | | | | | |
| ४६ | राइर्स ट्रान्सप्लाण्टर राईसडिङ्ग टाईप | | | | | |
| ४७ | सिडलिङ्ग मेशिन | | | | | |
| ४८ | रिपर बाईईनडर मेशिन | | | | | |
| ४९ | कम्बाईन हार्भेष्टर | | | | | |
| ५० | पैडल थ्रेसर ईलेट्रिकल/म्यानुयल | | | | | |
| ५१ | ब्रस कटर | | | | | |
| ५२ | एरिएटर | | | | | |
| ५३ | पेलेट मेशिन | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५४ | फिड मेशिन | | | | | |
| ५५ | मड पम्म | | | | | |
| ५६ | एकसेल फ्लो पम्म | | | | | |
| ५७ | पि.एच. मिटर | | | | | |
| ५८ | डिजर अक्सिजन मिटर | | | | | |
| ५९ | डी फ्रिज (हार्भेष्ट भएको माछा संरक्षणको लागि) | | | | | |
| ६० | मिल्किङ मेशिन | | | | | |
| ६१ | साईलेज प्याकेजिङ्ग मेशिन | | | | | |
| ६२ | टी.एम.आर. निर्माण मेशिन | | | | | |
| ६३ | मिल्क एनालाईजर | | | | | |
| ६४ | च्याफकटर | | | | | |
| ६५ | चिलिङ्ग भ्याट | | | | | |
| ६६ | चिलिङ्ग भ्यान | | | | | |
| ६७ | कम्पोष्ट मल बनाउने यन्त्र उपकरहरु । | | | | | |
| ६८ | चैते धान सुकाउने मेसिन | | | | | |
| ६८ | थप कृषि ताथ पशुपन्छीहरुको यन्त्र उपकरणहरु आदि । | | | | | |
| ६९ | सिकेचर | | | | | |
| ७० | अन्य भए खुलाउने | | | | | |

(आधिकारीक व्यक्तिको दस्तखत)

फर्म तथा संस्थाको छाँप

नाम: ..........................................................

पद: ............................................................

फर्मको नाम: ..................................................

ठेगाना: .........................................................

# अनुसूची-४

## अनुदानमा वितरण गरिने कृषि औजार उपकरणहरुको वितरण र वितरणको मापदण्डहरु ।

| क. कृषि तर्फ धान, गहुँ, मकै, आलु, तरकारी आदि बालीको लागि । | | | | |
|---|---|---|---|---|
| सि.नं. | कृषि मेशिनरी औजार उपकरणहरुको नाम | स्पेशिफिकेशन | अनुदान रकम (प्रतिशतमा) | कैफियत |
| १ | कल्टीभेटर | | बढीमा ५० प्रतिशत | |
| २ | लेज ल्याण्डर लेभलर | | बढीमा ५० प्रतिशत | |
| ३ | हे कोलेक्टर/बेलर | | बढीमा ५० प्रतिशत | |
| ४ | टयाक्ट्रर माउण्टेड कम्बाईन हार्भेष्टर | | बढीमा ५० प्रतिशत | |
| ५ | चार पांग्रे टयाक्ट्ररका एटयाचमेन्टहरु | | बढीमा ५० प्रतिशत | |
| ६ | डिस्क प्लाव | | बढीमा ५० प्रतिशत | |
| ७ | डिक्स हैरो | | बढीमा ५० प्रतिशत | |
| ८ | एम.बि.प्लाव | | बढीमा ५० प्रतिशत | |
| ९ | हिलो चक्का/एन्टी स्कीड व्हील | | बढीमा ५० प्रतिशत | |
| १० | एस/सी टाईप रोटाभेटर | | बढीमा ५० प्रतिशत | |
| ११ | लेभलर | | बढीमा ५० प्रतिशत | |
| १२ | लेजर ल्याण्ड लेभलर | | बढीमा ५० प्रतिशत | |
| १३ | सिडकम फर्टिलाईजर ड्रिल | | बढीमा ५० प्रतिशत | |
| १४ | न्यूम्याटिक सिड कम फर्टिलाईजर ड्रिल | | बढीमा ५० प्रतिशत | |
| १५ | सिड ड्रिल | | बढीमा ५० प्रतिशत | |
| १६ | सिड प्लान्टर | | बढीमा ५० प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| १७ | न्यूम्याटिक प्रिसिजन प्लाण्टर | | बढीमा ५० प्रतिशत | |
| १८ | जिरो टिल सिड ड्रिल | | बढीमा ५० प्रतिशत | |
| १९ | रिजर/वण्डर फर्मर | | बढीमा ५० प्रतिशत | |
| २० | राईस ट्रान्सप्लाण्टर (सिडिलङ्ग र अन्य सामानहरु) | | बढीमा ५० प्रतिशत | |
| २१ | मेज प्लाण्टर | | बढीमा ५० प्रतिशत | |
| २२ | पोटाटो प्लाण्टर | | बढीमा ५० प्रतिशत | |
| २३ | पोटाटो डिगर | | बढीमा ५० प्रतिशत | |
| २४ | मेज हार्भेष्टर | | बढीमा ५० प्रतिशत | |
| २५ | रिपर मेशिन | | बढीमा ५० प्रतिशत | |
| २६ | मल्टी कप थ्रेसर | | बढीमा ५० प्रतिशत | |
| २७ | धान थ्रेसर | | बढीमा ५० प्रतिशत | |
| २८ | गहुँ थ्रेसर | | बढीमा ५० प्रतिशत | |
| २९ | मेज सेलर | | बढीमा ५० प्रतिशत | |
| ३० | मेज डिहस्कार | | बढीमा ५० प्रतिशत | |
| ३१ | पावर र्स्प्रेयर/बुम र्स्पेयर | | बढीमा ५० प्रतिशत | |
| ३२ | फर्टिलाईजर ब्रोडकास्टर/स्प्रेडर | | बढीमा ५० प्रतिशत | |
| ३३ | एन्टी स्किड ह्विल कनेक्टर/हब किनेटर | | बढीमा ५० प्रतिशत | |
| ३४ | डिक्स प्लाव | | बढीमा ५० प्रतिशत | |
| ३५ | डिक्स हैरो | | बढीमा ५० प्रतिशत | |
| ३६ | रिजर/बण्ड फर्मर | | बढीमा ५० प्रतिशत | |
| ३७ | रिपर मेशिन | | बढीमा ५० प्रतिशत | |
| ३८ | थ्रेसर | | बढीमा ५० प्रतिशत | |
| ३९ | पावर थ्रेसर | | बढीमा ५० प्रतिशत | |
| ४० | मिनिटिलर अधिकतम ९ एच.पी.सम्म | | बढीमा ५० प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| ४१ | मिनिटिलर एट्याचमेन्टहरु | | बढीमा ५० प्रतिशत | |
| ४२ | एन्टी च्याप ब्लेड | | बढीमा ५० प्रतिशत | |
| ४३ | डिप टिलिङ्ग ब्लेड | | बढीमा ५० प्रतिशत | |
| ४४ | राई ट्रान्सप्लाण्टर म्यानूयल | | बढीमा ५० प्रतिशत | |
| ४५ | राईस ट्रान्सप्लाण्टर वाक बिहान्ड | | बढीमा ५० प्रतिशत | |
| ४६ | राइर्स ट्रान्सप्लाण्टर राईसडिङ्ग टाईप | | बढीमा ५० प्रतिशत | |
| ४७ | सिडलिङ्ग मेशिन | | बढीमा ५० प्रतिशत | |
| ४८ | रिपर बाइईनडर मेशिन | | बढीमा ५० प्रतिशत | |
| ४९ | कम्बाईन हार्भेष्टर | | बढीमा ५० प्रतिशत | |
| ५० | पैडल थ्रेसर ईलेट्रिकल/म्यानुयल | | बढीमा ५० प्रतिशत | |
| ५१ | ब्रस कटर | | बढीमा ५० प्रतिशत | |
| ५२ | एरिएटर | | बढीमा ५० प्रतिशत | |
| ५३ | पेलेट मेशिन | | बढीमा ५० प्रतिशत | |
| ५४ | फिड मेशिन | | बढीमा ५० प्रतिशत | |
| ५५ | मड पम्म | | बढीमा ५० प्रतिशत | |
| ५६ | एकसेल फ्लो पम्म | | बढीमा ५० प्रतिशत | |
| ५७ | पि.एच. मिटर | | बढीमा ५० प्रतिशत | |
| ५८ | डिजर अक्सिजन मिटर | | बढीमा ५० प्रतिशत | |
| ५९ | डी फ्रिज (हार्भेष्ट भएको माछा संरक्षणको लागि) | | बढीमा ५० प्रतिशत | |
| ६० | मिल्किङ मेशिन | | बढीमा ५० प्रतिशत | |
| ६१ | साईलेज प्याकेजिङ्ग मेशिन | | बढीमा ५० प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | टी.एम.आर. निर्माण मेशिन | | बढीमा ५० प्रतिशत | |
| ६३ | मिल्क एनालाईजर | | बढीमा ५० प्रतिशत | |
| ६४ | च्याफकटर | | बढीमा ५० प्रतिशत | |
| ६५ | चिलिङ्ग भ्याट | | बढीमा ५० प्रतिशत | |
| ६६ | चिलिङ्ग भ्यान | | बढीमा ५० प्रतिशत | |
| ६७ | कम्पोष्ट मल बनाउने यन्त्र उपकरहरु । | | बढीमा ५० प्रतिशत | |
| ६८ | पावर टिलर विथ कल्टीभेटर | अधिकतम २० एच.पी.सम्म | बढीमा ५० प्रतिशत | |
| ६९ | सिकेचर | | बढीमा ५० प्रतिशत | |
| ७० | अन्य भए खुलाउने | | बढीमा ५० प्रतिशत | |

नोटः माथि उल्लेखित बाहेकका कृषि तथा पशुपन्छी क्षेत्रको आधुनिकीकरण र व्यवसायिकताको लागि चाहिने अन्य मेसिनरी यन्त्र उपकरणहरुको हकमा पनि यसै कार्यविधि अनुरुप हुनेछ ।

## अनुसूची-५
## अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने उपभोक्ताहरुले पेस गर्ने निवेदन ढाँचा ।

मितिः ..............................

ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बरौंला, प्युठान ।

**विषयः कृषि यन्त्र उपकरण उपलब्ध गराई पाऊँ ।**

मलाई/हामीलाई धान / गहुँ/मकै/ आलु/ तरकारी/ पशुपन्छी आदि खेती व्यवसाय वा मत्स्य उत्पादन वा अन्य ........................................ कार्यमा उपयोग गर्नका लागि **"कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** अनुसार ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति ........................................ मा

प्रकाशित सूचना अनुसार मलाई/हामीलाई आवश्यक परेको कृषि तथा पशुपन्छी यन्त्र उपकरणहरु अनुसूची ६ बमोजिमको प्रस्ताव तयार गरी आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरी अनुदानमा कृषि यन्त्र उपकरण उपलब्ध गराई पाउनका लागि यो निवेदन पेस गरेको छु/छौ।

**तपसिल संलग्न कागजातहरुः**

(क) कृषक समूह, समूह तथा उपभोक्ताको लागि।

१. कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म तथा कृषि उद्यमी दर्ताको प्रमाण पत्रको प्रतिलिपी।

२. कृषक समूह/सहकारीको निर्णयको प्रतिलिपी।

३. कृषक समूह/सहकारीले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र।

४. आधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो एक प्रति (पासपोर्ट साईजको)।

५. यदि समूहको कुनै सदस्यले एकल रुपमा सामाग्री लिन चाहेमा समूहको निर्णय सहितको सिफारिस पत्र पेस गर्नु पर्नेछ।

६. मेसिनरी औजार सञ्चालन तथा मर्मत सम्बन्धी तालिम भए सो प्रमाण पत्रको प्रतिलिपी।

७. जग्गाको लालपूर्जाको विवरण सहितको प्रतिलिपी।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र र उक्त पत्रमा विगत २ वर्षसम्म समान प्रकृतिको अनुदान नलिएको भनि खुलाउनु पर्ने।

(ग) कृषि सहकारी संस्था/निजी फर्म/कृषि उद्यमी उपभोक्ताको लागि।

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी।

२. संस्था नविकरणको प्रमाणको प्रतिलिपी वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेस गर्नु पर्ने।

३. संस्थाको PAN/VAT प्रमाण पत्रको प्रतिलिपी।

४. लेखा परिक्षणको प्रतिलिपी।

५. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।

६. संस्थाको निर्णयको प्रतिलिपी।

७. संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीको लागि अख्तियारी पत्र ।

८. अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो एक प्रति (पासपोर्ट साईजको) ।

९. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए सम्झौताको (कम्तीमा ५ बर्ष) प्रमाणहरु सहित पेस गर्नु पर्नेछ ।

१०.जग्गाको लालपुर्जाको विवरण सहितको प्रतिलिपी ।

निवेदक<br>
नाम थरः<br>
दस्तखतः<br>
ठेगानाः<br>
मोबाईल नं.:<br>
समूह/संस्था/फर्मको नामः<br>
पदः<br>
समूह/संस्था/फर्मको छाँपः

## अनुसूची-६

## ऐरावती गाउँपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

बरौंला, प्युठान

**कृषि यन्त्र उपकरण अनुदानमा लिनका लागी उपभोक्ताले भर्ने फारम ।**

**क) उपभोक्ताको बिबरणः**

१. नाम .................................. नागरिकता नम्बर ...........................
र जारी मिति ........................................

२ संस्था दर्ता नं. ................. दर्ता मिति ......................... दर्ता
निकाय ......................................

३ स्थायी ठेगाना: जिल्ला............... गा.पा / न.पा. ...................................
वडा नं ......................... टोल .......................

४ हालको ठेगाना: जिल्ला ............... गा.पा / न.पा. ...........................
वडा नं .................... टोल .........................

५ सम्पर्क मोबाइल नं. ........................................

६ सम्पर्क ब्यक्तिको नाम ........................... पद ...........................
मोबाइल नं. ..................................

७ सदस्य संख्या महिला ......... पुरुष .......... दलित ........... जनजाती
................ अन्य .......................

८ लाभान्वित कृषक संख्या .......... प्रत्यक्ष .............. अप्रत्यक्ष .............

९ प्राप्त कृषि यन्त्रहरु उपयोग अबस्था ..................... बाली र क्षेत्रफल

| सि.नं | यन्त्र उपकरणको विवरण | एकाई | परिमाण | बालीको विवरण | क्षेत्रफल (रोपनी) | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

११. माग गरीएको यन्त्र उपकरणहरु माग गर्नुको औचित्य

क) .........................................................................

ख) .........................................................................

ग) .........................................................................

घ) .........................................................................

ङ) .........................................................................

१२ कृषि यन्त्र उपकरण अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेकको नगद रकम तिरी कार्यक्रममा संलग्न हुन सहमत छु/छौं । माथी पेस गरेको विवरण ठिक साचो छ, झुठा ठहरेमा कानून बमोजिम कारवाही भएमा राजी छु/छौ । मैले/हामीले यसै प्रकृतिको अनुदान संघ, प्रदेश, स्थानीय तह तथा संघ संस्थाबाट विगत दुई वर्ष देखि नलिएको हुँदा मलाई/हामीलाई त्यस ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको ब्यबस्था भए बमोजिमको अनुदान उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौ ।

निवेदक

नाम थरः

दस्तखतः

ठेगानाः

मोबाईल नं.:

समूह/संस्था/फर्मको नामः

पदः

समूह/संस्था/फर्मको छाँपः

## अनुसूची-७

## उपभोक्ता समूह/सहकारी संस्थाबाट गरीने सिफारिस पत्रको ढाँचा ।

मितिः .....................

श्री ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बरौंला, प्युठान ।

**विषयः अनुदान रकम भुक्तानी दिनका लागि सिफारिस गरिएको बारे ।**

प्रस्तुत विषयमा प्युठान जिल्ला ऐरावती गाउँपालिका .......... नं. वडा ................... बस्ती/टोलमा बस्ने उपभोक्ता श्री ................................................ ले यस ...................................................... कृषक समूह/कृषि सहकारी संस्था लि./फार्ममा आबद्ध रहनु भएको र निजले तपसिलमा उल्लेखित यन्त्र उपकरणहरुको अनुदान बुझि लिएको हुँदा अनुदान रकम रु. ..........................। (अक्षेरुपी ..........................................................) निजलाई सामग्री उपलब्ध गराउने आपूर्तिकर्तालाई भुक्तानी दिनु हुन भनी सिफारिस साथ अनुरोध गर्दछु/छौ ।

**तपसिलः**

| सि.नं. | यन्त्र उपकरणको विवरण | परिमाण | जम्मा रकम रु. | कृषकले ब्यहोरेको रकम रु. | अनुदान पाउनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | **जम्मा** | | | | |

उपभोक्ताको नामः अध्यक्षको नामः
दस्तखतः दस्तखतः
समूह/संस्थाको नामः
ठेगानाः
छाँपः
मितिः

## अनुसूची-८

## अनुदान रकम भुक्तानी फाराम कृषि यन्त्र उपकरण आपूर्तिकर्ताको लागि

मितिः ........................

श्री ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बरौंला, प्युठान ।

**विषयः अनुदान रकम भुक्तानी गरी पाऊँ ।**

प्रस्तुत विषयमा यस ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति ............................ को च.नं. ......... को कार्यादेश अनुसार मेरो ........................................................................................ फर्मबाट तपसिलमा उल्लेखित यन्त्र उपकरणहरु यस गाउँपालिकाको कार्यालयमा आपूर्ति गराए बापत तहाँ कार्यालयबाट पाउनु पर्ने रकम रु ............................। (अक्षेरुपी ..........................................................................................................) भुक्तानी पाऊँ भनि आवश्यक कागजात यसै निवेदन साथ संलग्न राखी पेस गरेको छु ।

**तपसिलः**

| सि.नं. | यन्त्र उपकरणको नाम | परिमाण | जम्मा रकम रु. | कृषकले ब्यहोरेको रकम रु. | अनुदान पाउनु पर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| | **जम्मा** | | | | | |

**संलग्न कागजातहरुः**

१. सामाग्रीको विल ............. थान ।
२. सामाग्री वितरण गरेको फोटो ।
३. सम्बन्धित कार्यालयको सिफारिस पत्र ।

**आपुर्तिकर्ताको संस्था/फर्मको विवरणः**

नामः
ठेगानाः
दस्तखतः
सम्पर्क नं.:
मितिः
छाँपः

# अनुसूची-९

## सम्बन्धित कृषि विकास शाखा/पशु सेवा शाखाको प्रयोजनका लागि ।

मितिः ..........................

श्री ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बरौंला, प्युठान ।

**विषयः अनुदान रकम भुक्तानी दिनका लागि सिफारिस सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा आपुर्तिकर्ता श्री ................................ ले तपसिलमा उल्लेखित यन्त्र उपकरणहरु तपसिल बमोजिमका कृषकहरुलाई अनुदानमा उपलब्ध गराएको हुँदा रकम भुक्तानीका लागि सिफारिस साथ अनुरोध छ ।

**तपसिलः**

| सि.नं. | कृषक समूह/कृषि सहकारी संस्था लिं/निजी उद्यमी/फर्म उपभोक्ता | ठेगाना | यन्त्र उपकरणको नाम | परिमाण | जम्मा रकम रु. | कृषकले ब्यहोरेको रकम रु. | अनुदान पाउनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| | **जम्मा** | | | | | | |

शाखा प्रमुखको नामः............................
पदः ..................................................
सहिः ..............................................
कार्यालयको छाँपः ...............................

## अनुसूची-१०

## स्थलगत प्रमाणिकरणका आधार (फाराम)

१. कृषक/कृषक समूह/कृषि सहकारी संस्था लि./निजी उद्यमी/फर्म उपभोक्ताको नामः ..........................................................

२. ठेगानाः ............................................................................

३. सम्पर्क व्यक्तिको नामः ...................... सम्पर्क नं.: .................

४. ठेगानाः ...........................................................................

५. लगानी उपक्षेत्रको विषयः ..................................................

| सि.नं. | मूल्याङ्कनको आधार सूचक | अवस्था | | कारण उल्लेख गर्ने |
|---|---|---|---|---|
| १ | यन्त्र उपकरण माग गरेको औचित्य | छ | छैन | |
| २ | उपभोक्ताको समूह/सहकारी | सक्रिय | निश्क्रिय | |
| ३ | उपभोक्ताले पुऱ्याउने सेवाको अवस्था | एकल | समूह | |
| ४ | खेती गर्ने बालीको विवरण | फलफुल, खाद्यान्न, दलहन, तरकारी | | |
| ५ | जग्गाको विवरण (रोपनी) | | | |
| ६ | उपभोक्ता/समूह/सहकारीले उत्पादन गरेका वस्तुहरुको बजार अवस्था | | | |
| ७ | समूह/सहकारीको समावेसी र सामाजिक विवरण | | | |
| ८ | आर्थिक/हितकोषको अवस्था | | | |
| ९ | भौतिक पूर्वाधार (सिँचाई, सडक, विद्युत आदि) | | | |
| १० | भौगोलिक दृष्टिकोणले उपयुक्त | | | |

**अनुगमन तथा मूल्याङ्कनकर्ताहरुः**

| सि.नं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मितिः

## अनुसूची-११
## मूल्याङ्कनका लागि आधार (फाराम)

१. कृषक/कृषक समूह/कृषि सहकारी संस्था लि./निजी उद्यमी/फार्म उपभोक्ताको नामः ..........................................................

२. ठेगानाः ..........................................................................

३. सम्पर्क व्यक्तिको नामः ........................................................

**४. लगानी उपक्षेत्रको विषयः**

| सि.नं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | यन्त्र उपकरण माग गरेको औचित्य | १० | | |
| २ | उपभोक्ताको समूह/सहकारी सक्रियता | १० | | |
| ३ | उपभोक्ताले पुऱ्याउने सेवाको अवस्था | १० | | |
| ४ | खेती गर्ने बालीको विवरण | १० | | |
| ५ | जग्गाको विवरण | १० | | |
| ६ | उपभोक्ता/समूह/सहकारीले उत्पादन गरेका वस्तुहरुको बजार अवस्था | १० | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | समूह/सहकारीको समावेसी र सामाजिक विवरण | १० | | |
| ८ | आर्थिक/हितकोषको अवस्था | १० | | |
| ९ | भौतिक पूर्वाधार (सिँचाई, सडक, विद्युत) | १० | | |
| १० | भौगोलिक दृष्टिकोणले उपयुक्त | १० | | |
| | जम्मा | १०० | | |

नोटः (सामान्य भए ४, मध्यम भए ६ र उत्तम भए १० प्रदान गर्ने)

**अनुगमन तथा मूल्याङ्कनकर्ताहरुः**

| सि.नं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मितिः

## अनुसूची १२

## अनुदान प्रवाहमा उपलब्ध हुने कृषि यन्त्र उपकरणमा आपूर्तिकर्ताले राख्नु पर्ने प्रिन्ट वा प्लेटको ढाँचा ।

ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बरौंला, प्युठानबाट आ.व. ........................ मा ......... प्रतिशत अनुदानमा ......................................................कार्यक्रमबाट ..........................................................यन्त्र उपकरण प्राप्त ।

अनुदानग्राहीको नामः

ठेगानाः

**आज्ञाले**
हिमाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत